पचरौता नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बेनौली, बारा
मधेश प्रदेश, नेपाल

पत्र संख्याः२०७८/७९
चलानी नं.

**सुचना !** **सुचना !!** **सुचना !!!**

प्रथम पटक प्रकाशित मितिः-२०७८/१०/१०

**"कपरफोरा माछा पोखरीको सिलबन्दी बोलपत्र आहवान सम्बन्धी सूचना"**

उपरोक्त सम्बन्धमा यस नगरपालिकाको अधिकार क्षेत्रभित्र रहेको साविक गा.वि.स. बेनौली वडा नं. ९ हाल पचरौता नगरपालिका वडा नं. ७ को कि.नं. २३२ को ज.वि. २-१२-१० क्षेत्रफलमा फैलिएको कपरफोरा सार्वजनिक माछा पोखरीको शिलबन्दी बोलपत्र सम्बन्धी ३० दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ । टेण्डर लिने ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट आफ्नो फर्मको नवीकरण भएको प्रमाणपत्र, पान नं., दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु तथा उक्त कार्य गर्न योग्य भएको स्व: घोषणा पत्र पेश गरी निम्न शर्तहरुको अधिनमा रही तोकिए बमोजिमको मिति, समय र स्थानमा शिलबन्दी खोलिने कार्यहुने भएकोले सबैमा जानकारीको लागि अनुरोध छ ।

| ठेक्का नं. | ठेक्काको किसिम | न्यूनतम ठेक्का अंक | बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १७/२०७८-०७९ | साविक गा.वि.स. बेनौली वडा नं. ९ हाल पचरौता नगरपालिका वडा नं. ७ को कि.नं. २३२ को ज.वि. २-१२-१० | ३०,००,०००.००/- (अक्षरेपी रुपैया तिस लाख मात्र) | ३०००/- | भ्याट रकमबाहेक |

**शर्तहरु :**

१.ठेक्का सेवाअवधि: २०७८/०७९ देखी २०८३/०८४ सम्म अर्थात सम्झौता गरेको मिति देखि लागु हुने गरी पाचँ (५) वर्ष सम्म कायम हुनेछ ।

२.बोलपत्र फर्म यस कार्यालयबाट माथि उल्लेखित भए बमोजिम पछि फिर्ता नहुने गरी रकम तिरि प्रथम पटक सूचना प्रकाशन भएको मितिले ३० दिन (२०७८/११/१० गते)भित्र खरिद गर्न सकिनेछ ।

३.बोलपत्र फर्ममा कार्यलय प्रमुख र कार्यालयको छाप नभएको बोलपत्रलाई मान्यता दिईने छैन ।

४.सूचना प्रकाशन भएको मितिले ३१ औं (२०७८/११/११ गते) दिन अपरान्ह १२:०० बजेभित्र नेपाली नागरीक भए आफ्नो कबुल गरेको ठेक्का अंकको ५% र विदेशी नागरिक भए १०% धरौटी रकम NMB Bank पचरौता शाखाको पचरौता नगरपालिका स्थानीय निकाय धरौटी खाता-ग.३-१ बैंक खाता नं.११४००८३१६४१०००४८ मा दाखिला गरेको सक्कलै भौचर सहित रित पुगेको अन्य प्रमाण पत्रको प्रतिलिपि सहितको कागजात दर्ता गराईसक्नु पर्नेछ । धरौटी बापतको नगद रकम संकलन गरेमा मान्यता दिईने छैन ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत

पचरौता नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बेनौली, बारा
मधेश प्रदेश, नेपाल

पत्र संख्याः२०७८/७९
चलानी नं.

५. यसरी दर्ता हुनआएको बोलपत्रहरु ३१ औं (२०७८/११/११ गते) दिनको दिउँसो ०२:०० बजे यस नगरपालिकाको कार्यालय बेनौलीमा खोलिने छ । सो समयमा बोलपत्र दर्तावाला वा निजको प्रतिनिधिको उपस्थिती नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन र सो बोलपत्र स्थानीय प्रतिनिधिहरुको रोहवरमा समेत खोलिने छ । र बोलपत्र खोलिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो लगतै कार्यालय खुल्ने दिनमा उक्त कार्य गरिनेछ ।
६. बोलपत्र फर्म भर्दा आफुले कबुल गरेको रकम अंक र अक्षर दुबैमा स्पष्ट हुनेगरी उल्लेख भएको हुनु पर्नेछ। अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।
७. बोलपत्र स्वीकृत भएपछि सुचना पायक वा घरदैलोमा टाँस गरेको मितिले ७ दिन भित्र नियम अनुसार पान नं. दर्ता लगायतका प्रमाणहरुको प्रमाणित प्रतिलिपि लिई सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ । सो अवधि भित्र सम्झौता नगरी चलनपुर्जी लिन नआएमा धरौटी रकम जफत गरिनेछ र दोस्रो बोलपत्र दर्ताको बोलपत्र स्वीकृत गर्ने वा पुनःबोलपत्र आह्वान गर्ने वा नगर्ने अधिकार यस नगरपालिकामा सुरक्षित रहनेछ ।
८.ठेकेदार आफूले कबुल गरेको सम्पूर्ण रकमको अर्धबार्षिक रुपमा १० (दश) किस्तामा बुझाउनुपर्नेछ र शुरुमा नै दश किस्ता बराबरको एक किस्ताको रकम बुझाउनुपर्नेछ । ठेकेदारले सम्झौता गर्दा पहिलो किस्ता बाहेक बुझाउनुपर्ने बाँकी रकमको बैंक जमानत (परफर्मेन्स वैण्ड) पेश गरेपछि मात्र ठेक्का सम्झौता गरि चलनपुर्जी दिईनेछ । सो रकम NMB Bank पचरौता शाखाको **पचरौता नगरपालिका आन्तरिक राजश्व खाता नं. ११४००८३१६४१०००१० मा** बैंकमा बुझाईएको सक्कलै भौचर सहितको निवेदन पेश गरेपछि मात्र सम्झौता गरी स्थायी चलनपुर्जी दिईनेछ । ( आर्थिक वर्ष परिवर्तन भएमा परिवर्तित भए बमोजिम सोहि खाता नं मा रकम जम्मा गर्नुपर्नेछ। )

९. ठेकेदारले आफुले कबुल गरेको सम्पुर्ण रकम एकमुष्ट बुझाएमा १०% -दश- सम्म छुट पाइनेछ।
१०.पोखरी भोग चलन गर्दा सार्वजनिक वा व्यक्तिगत सम्पतिमा हानीनोक्सानी र पोखरीको भौतिक संरचना विगार्न पाईने छैन । साथै पोखरीमा बहुमूल्य सामान फेला परेमा स्थानीय सरकारको हुनेछ ।
११.सम्मानित अदालत, प्रदेश सरकार, नगरसभाको निति, निर्देशन तथा आदेशको पालना गर्नु गराउनु र लागु गर्नु ठेकेदारको मुख्य कर्तव्य र उत्तरदायित्व हुनेछ । निति नियम वा अदालतको कारणबाट कुनै क्षति हानीनोक्सानी हुन गएमा सोको क्षतिपुर्तीको दावी ठेकेदारले नगरपालिका सँग गर्न पाउने छैन ।
१२.न्यूनतम ठेक्का अंकमा १३% मूल्यअभिवृद्धि कर समावेश गरिएको छैन । त्यो १३% मूल्यअभिवृद्धि कर रकम अलगै तिर्नुपर्ने हुन्छ ।
१३.यसमा उल्लेख नभएको कुराहरुमा सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ र स्थानीय सरकार संचालन ऐन २०७४ तथा आर्थिक कार्यविधि तथा वितियउत्तरदायित्व ऐन २०७६ बमोजिम हुनेछ ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत